**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागदुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क २७३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ कार्तिक १० गते सोमबार ❑ 27 Oct. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## निर्वाचनको माध्यमबाट संविधान र लोकतन्त्रको रक्षा गरेर अघि बढ्नुपर्छः संयोजक दाहाल

**पोखरापत्र संवाददाता**
गोरखा, ९ कार्तिक

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले निर्वाचनको माध्यममार्फत संविधान र लोकतन्त्रको रक्षा गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

माओवादी केन्द्र गोरखाको आयोजनामा आइतबार सदरमुकाममा आयोजित कार्यकर्ता भेटघाट तथा प्रशिक्षण कार्यक्रममा उहाँले पछिल्लो राजनीतिक परिस्थितिमा निर्वाचनको अर्को विकल्प नभएको बताउनुभयो।

केन्द्रीय महाधिवेशन आयोजकसमितिसंयोजकदाहालले भन्नुभयो,"हामी निर्वाचनबाट पछि हट्ने कुरा हुँदैन। निर्वाचनका लागि उपयुक्त वातावरण बनाउन सरकारलाई सबै ढङ्गले दबाब दिनु आवश्यक छ। पछिल्लो परिस्थितिको निकास यसैबाट हुनसक्छ।"



'जेनजी' प्रदर्शनको गम्भीर समीक्षा गरेर माओवादीले जटिल परिस्थितिमा देशलाई निकास दिन निर्वाचन नै विकल्प भएको निष्कर्ष निकालेको उहाँको भनाइ थियो। पछिल्लो समय निर्वाचनको वातावरण बन्दै गएको र अन्य दल पनि निर्वाचनमा भाग लिन तयार भइसकेको संयोजक दाहालले बताउनुभयो। कुनै पनि बहानामा फेरि अर्को दुर्घटना हुन नदिने जिम्मेवारी सबैको रहेको भन्दै उहाँले त्यसका लागि पनि तोकिएको समयमा निर्वाचन हुनुपर्ने धारणा राख्नुभयो। संयोजक दाहालले 'जेनजी' पुस्ताले उठाएका प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र पूर्ण समानुपातिक निर्वाचन प्रणालीबारे आफ्नो पार्टीले सुरुदेखि नै आवाज उठाउँदै आएको पनि उल्लेख गर्नुभयो।

## पोखरामा सोमबार धुमधामका साथ छठ पर्व मनाउने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ कार्तिक

पोखरामा छठ पर्व धुमधामका साथ मनाइने तयारी गरिएको छ। तराई-मधेश समुदायका श्रद्धालुहरूले पोखरामै सहज रूपमा सूर्य उपासना गर्न सकून् भन्ने उद्देश्यले यस वर्ष पनि चार प्रमुख स्थानमा विशेष छठको पूजा गर्ने गरी तयारी गरिएको हो।

छठ पर्व मनाउन पोखराको लेकसाइडस्थित बैदामको केदारेश्वर महादेवमणि मन्दिर परिसर (फेवाताल किनार), रिठ्ठाघाट त्रिवेणीधाम (कालिखोला), सेतीनदी किनार र कमलपोखरी (भद्रकाली मन्दिर परिसर तल) गरी चार स्थानलाई विशेष रूपमा सजाइएका छन्। यी स्थानहरूमा शनिबारदेखि सरसफाइ, बत्ती सजावट र फूलले ढकमक्क पार्ने कार्य सुरु गरिएको नारायणथान मन्दिर संरक्षण समितिका उपाध्यक्ष विनोद गुप्ताले जानकारी दिनुभयो। उहाँका अनुसार सोमबार अस्ताउँदो सूर्यलाई अर्घ दिइने र मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिने तयारी गरिएको छ। पूजा स्थलहरूमा फूलमाला, रंगीन बत्ती र टेन्ट जडान गरी श्रद्धालुका लागि बस्ने व्यवस्था मिलाइँदै छ। पोखरामै छठ पर्व मनाउने भक्तहरूका लागि सहज वातावरण सृजना गर्न समितिहरू सरसफाइदेखि आन्तरिक व्यवस्थापनसम्ममा जुटेका छन्। नेपाल भारत व्यवसायी संघ (एन.बी.) छठ पूजा समितिको



आयोजनामा हुने केदारेश्वर क्षेत्रको मुख्य पूजालाई व्यवस्थित बनाउन शनिबारदेखि सरसफाइ कार्य सुरु गरिएको समितिका अध्यक्ष विश्राम कुशवाहाले बताउनुभयो। उहाँका अनुसार कार्तिक १० गते अपराह्न साढे ३ बजेदेखि साँझ ७ बजेसम्म र ११ गते बिहान साढे ३ बजेदेखि ७ बजेसम्म छठ पूजा सञ्चालन हुनेछ। एन.बी. व्यवसायी संघ कास्कीका पूर्वअध्यक्ष भुनेस कुमारका अनुसार पेशा र व्यवसायका कारण पोखरामै बसोबास गरिरहेका तराई-मधेशका समुदायका श्रद्धालुहरूले पछिल्ला वर्षहरूमा पोखरामै छठ पर्व मनाउने परम्परा स्थापन गर्न सफल भएका छन्। यसले उनीहरूलाई आफ्नै सांस्कृतिक पर्व आफ्नै सहरमा मनाउन सहज बनाएको उहाँको भनाइ छ।

कालिखोला रिठ्ठाघाट छठ पूजा समितिका अध्यक्ष हरिश्चन्द्र पेसाद कुशवाहाले सेती र कालिखोला किनारमा टेन्ट, झिलिमिली बत्ती र भक्तका लागि बस्ने व्यवस्था मिलाइएको बताउनुभयो। साथै भोलि बेलुकादेखि खाजा र मंगलबार बिहानको प्रसाद वितरणका लागि स्वयंसेवक टोली खटाइएको उहाँले जानकारी दिनुभयो। पछिल्लो समय पहाडी समुदायका केही श्रद्धालुहरूले पनि छठ पूजा गर्न थालेको उहाँको भनाइ छ। भद्रकाली छठ पूजा समितिका अध्यक्ष तारानन्द शर्माका अनुसार भक्तजनहरूले पञ्चमीका दिन व्रत बस्ने (खड्ना) र राति पूजा गर्ने परम्परा रहेको छ।

केराको खम्बा, उखु, अदुवा, भोगटे, सुन्तला लगायतका फलफूलका बोटहरूबाट मण्डप सजाइने र सूर्यदेवलाई भगवानको रूपमा पूजा गरेर मनोकामना पूर्ति हुने विश्वासका साथ उपासना गरिने बताउनुभयो। पोखराका यी चार मुख्य स्थानहरूमा भोलिदेखि सुरु हुने छठ पर्वले धार्मिक, सांस्कृतिक र सामुदायिक सौहार्दका रंगहरू थप्ने अपेक्षा गरिएको छ। मनोकांक्षा पूरा हुने धार्मिक विश्वासका साथ छठ पूजा गर्ने प्रचलन रहिआएको छ।

## मन्त्रिपरिषद् विस्तारः दुई मन्त्रीको सपथ

**रासस**
काठमाडौं, ९ कार्तिक

नवनियुक्त दुई मन्त्रीहरुले आज पद तथा गोपनियताको सपथ लिनुभएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रपति कार्यालय, शीतलनिवासमा आयोजित विशेष समारोहमा नवनियुक्त स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री डा सुधा गौतम र युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले सपथ लिनुभएको हो।

डा गौतम स्वास्थ्य मन्त्रालयका पूर्वसचिव हुनुहुन्छ भने गुप्ता जेनजी आन्दोलनका अगुवा हुनुहुन्छ। प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसमा उहाँहरुलाई राष्ट्रपति पौडेलले आइतबार नियुक्ति गर्नुभएको थियो।

गत भदौ २७ गते गठित मौजुदा मन्त्रिपरिषद्को सङ्ख्या आजको विस्तारसँगै १० पुगेको छ। यसअघि गत भदौ ३० र असोज ६ गते मन्त्रिपरिषद् विस्तार भएको थियो। सपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे, मन्त्रीगण, प्रनिधिसभाका उपसभामुख इन्दिरा राना, संवैधानिक निकायका प्रमुख तथा पदाधिकारी, नेपाल सरकारका उच्चपदस्थ अधिकृत, सुरक्षा निकायका प्रमुख तथा अधिकारीलगायत उपस्थित हुनुहुन्थ्यो।

## पोखरामा होटल अकुपेन्सी ५० प्रतिशत, पर्यटनमा थप आशा जाग्यो

**पोखरापत्र संवाददाता**
पोखरा, ९ कार्तिक

पर्यटन नगरी पोखरामा होटल अकुपेन्सि ५० प्रतिशत पुगेको छ।

तिहार पर्वको सन्दर्भमा देशभित्रका विभिन्न ठाउँबाट आएका आन्तरिक पर्यटकहरूका कारण पोखराका पर्यटकीय होटलहरूमा अकुपेन्सि बढेको होटल संघ पोखरा नेपालले जनाएको छ। पोखराका पर्यटकीय स्तरका होटलहरूमा करिब ५० प्रतिशतसम्मका कोठा भरिएको संघका अध्यक्ष लक्ष्मण सुवेदीले बताउनु भयो।

तिहारको अवसरमा देउसी-भैली खेल्ने, फेवाताल घुम्ने, सराङकोट, विश्वशान्ति स्तूपा, बिशाल महादेवको मुर्ति, बेगनासतालजस्ता पर्यटकीय स्थल भ्रमण गर्ने आन्तरिक पर्यटकहरूको संख्या उल्लेख्य बढेको पर्यटन व्यवसयीहरुले बताउनु भयो। "तिहार पर्वसँगै पोखरामा आन्तरिक पर्यटकहरूको चहलपहल बढेको छ। यसले हामीलाई आगामी पर्यटन सिजनप्रति अझ उत्साहित बनाएको छ," अध्यक्ष सुवेदीले भन्नुभयो। पर्यटनको सिजन सुरु भएसंगै जेन्जी आन्दोलनले प्रभावित भएको पर्यटन क्षेत्र बिस्तारै उकालो लाग्न थालेको सुवेदीले जनाउनु भयो। पोखरामा हाल पर्यटकीय स्तरका करिब १ हजार २ सयभन्दा बढी होटल सञ्चालनमा छन्, जसले एकै रातमा करिब ४० हजार पर्यटकलाई आवास व्यवस्था गर्न सक्ने क्षमता राख्छन्। पोखरा भ्रमण वर्ष २०२५ कार्यक्रम जारी छ। यसअन्तर्गत विभिन्न खेलकुद, सांस्कृतिक र संगीतसम्बन्धी गतिविधिहरू आयोजना हुँदैछन्।

## पोखरा महानगरपालिकाले राष्ट्रिय वाणिज्य बैंकको भवन भाडामा लिने तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, ९ कार्तिक

जेनजी आन्दोलनका क्रममा पोखरा महानगरपालिकाको कार्यालय भवन जलेपछि अब नयाँ स्थानबाट एकीकृत रूपमा सेवा संचालन गर्ने महानगरले तयारी गरेको छ।

महानगरको कार्तिक २ गते बसेको कार्यपालिका बैठकले नयाँ भवन तयार नहुँदासम्मका लागि नयाँबजारस्थित राष्ट्रिय वाणिज्य बैंकको भवन भाडामा लिएर अस्थायी कार्यालय सञ्चालन गर्ने निर्णय गरेको हो।

बैंकको भवन दुई तल्लामा करिब २० हजार वर्गफुट क्षेत्रफलमा रहेको छ, जहाँ विभिन्न महाशाखाहरूलाई एउटै ठाउँमा समायोजन गरिने भएको महानगरका प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्यालले बताउनु भयो। अब नागरिकले विभिन्न महाशाखा खोज्दै ठाउँ-ठाउँ धाउनुपर्ने अवस्था अन्त्य हुने उहाँले जनाउनु भयो।

महानगरले उक्त भवन मासिक ७ लाख रुपैयाँ भाडामा लिएको उहाँले उल्लेख गर्नुभयो। हाल पूर्वाधार विकास महाशाखा सहित केही महाशाखाको मात्र मासिक रुपमा ३ लाख ५० हजारमा भाडाको भवनबाट सेवा दिँदै आएकोमा अब सबै प्रमुख महाशाखा एउटै स्थानबाट सञ्चालन हुनेछन्। तर शिक्षा र स्वास्थ्य महाशाखा भने पुरानै स्थानबाट सेवा प्रवाह गर्नेछन्।

महानगरले हालै सम्पन्न प्रारम्भिक अध्ययन अनुसार जेनजी आन्दोलनका कारण करिब ३१ करोड रुपैयाँ बराबरको क्षति भएको जनाएको छ। नयाँ स्थायी कार्यालय भवनका लागि पोखरा-१७ स्थित गल्फ कोर्स क्षेत्रको जग्गा चयन भइसकेको छ, तर निर्माण सुरु हुन अझै तीन वर्ष लाग्ने अनुमान गरिएको छ। त्यस अवधिसम्म महानगरले भाडाको भवनमै कार्यालय सञ्चालन गर्ने योजना बनाएको हो। बैंक भवनमा फर्निचर र पार्केटिङको काम गर्न करिब ८५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। यसअघि दमकल रहेको स्थानमा अस्थायी भवन निर्माण गर्ने प्रस्ताव पनि आएको थियो, तर प्राविधिक समितिले अल्पकालीन रूपमा भाडा लिँदा लागत घट्ने निष्कर्ष दिएको थियो। अहिले कार्यालय जलेको स्थानमा भने भविष्यमुखी व्यावसायिक भवन निर्माणको प्रस्ताव अघि सारिएको छ। केही वडाध्यक्षहरूले सोही ठाउँमा नयाँ महानगर कार्यालय बनाउने माग गरे पनि कार्यपालिका बैठकले भूगर्भिक अध्ययनपछि मात्रै अन्तिम निर्णय लिने निष्कर्ष निकालेको छ। हाल महानगरका विभिन्न महाशाखा छुट्टाछुट्टै भवनमा रहेका कारण नागरिकले आवश्यक सेवा पाउन धेरै ठाउँ धाउनुपर्ने बाध्यता रहेको छ। अब धेरै सेवा एकीकृत रूपमा नयाँबजारस्थित भवनबाट उपलब्ध हुने भएकाले सेवाग्राहीले सजिलो हुने अपेक्षा गरिएको छ। जलेको भवनका कारण विगत केही महिना अस्थिर अवस्थामा रहेको पोखरा महानगरपालिकाले अब नागरिकलाई एकै ठाउँबाट सहज र द्रुत सेवा दिने दिशामा अग्रसर भएको पोखराका मेयर धनराज आचार्यको भनाई रहेको छ। नयाँबजारको भवन अस्थायी समाधान हो, तर यो व्यवस्थाले सेवाको पहुँच र प्रभावकारितामा ठुलो सुधार हुने उहाँको भनाई छ।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**

नयाँबजार, पोखरा

फोन नं. : ०६१-५७०६५१

# सयपत्री फूल बेचेर १६ लाख आम्दानी

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ कार्तिक

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाका कृषकहरुले तिहारमा सयपत्री फूल बिक्री गरेर १६ लाख बढि आम्दानी गर्न सफल भएका छन् ।



तिहार अवधिमै राम्रो आम्दानी गर्न सफल भएपछि कृषकहरु हर्षित भएका छन् । तिहारमा सयपत्री फूल बेचेर गत वर्षको तुलनामा धेरै आम्दानी लिन सफल भएका हुन् । गएको सिजनमा कृषकले १५ लाख रुपैयाँ आम्दानी गर्न सफल भएका थिए । कालीगण्डकी गाउँपालिका-३ का रेमोन थापाले भर्खरैको तिहारमा फूल बिक्रीबाट दुई लाख भन्दा बढि आम्दानी गरेको बताए । पछिल्लो तिहारमा फूलको मागमा वृद्धि भएसँगै धेरै मूल्य पाएपछि राम्रो आम्दानी हात परेको थापाले जनाए । तिहार अघिदेखि निरन्तर रुपमा फूल बिक्री भएको सुनाएका थापाले विगतमा तीन र पछिल्लो वर्षदेखि पाँच रोपनी क्षेत्रफलमा फूलखेती गर्दै आएका छन् । चालु सिजनमा फूलको थोकमूल्य तीन सय र फुटकर चार सय रुपैयाँ प्रतिकिलोको दरले बिक्री भएको छ । मूल्य राम्रो भएका कारण आम्दानी बढेको स्थानीय कृषकको भनाई छ । व्यवसायिक फूलखेती गर्दै आएका कालिगण्डकी गाउँपालिका-१ का हिरामणी सुवेदी, वडा नं. २ का पुष्पा सिंजाली राना, वडा नं.-५ का रविलाल गौडेल, वडा नं.-६ का युवराज अधिकारी र वडा नं.-७ का घनबहादुर थापाले तिहारमै एक लाख ५० हजार भन्दा बढिका दरमा आम्दानी लिएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले जानकारी दिए ।

तिहार लक्षित फूलखेतीबाट स्थानीय कृषकले तिहार पछिका केही महिनासम्म राम्रो आम्दानी लिन सक्ने पौडेलले बताए । यसै वर्षको तिहारमा मात्रै १६ लाख २० हजार मुल्य बराबरको फूलका माला र थुँगा बिक्री भएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकामा तयार भएको सयपत्री फूल स्थानीय बजार, छिमेकी पालिका र नजिकका ठूला शहर बुटवल, पोखरा निर्यात भएको छ । गाउँपालिकामा २२ जना कृषकले व्यवसायिक रुपमा नै फूलखेती गर्दै आएका छन् । अधिकांश कृषक, समूह र विद्यालयले तिहार लक्षित फूलखेती गर्दै आएका हुन् । गाउँपालिकाभित्र झण्डै ३० रोपनी भन्दा धेरै क्षेत्रफलमा फूलखेती गरिएको छ । आम्दानी बढेसँगै फूलखेती गर्ने कृषकको संख्यामा वर्षेनी बृद्धि हुँदै गएको गाउँपालिकाले जनाएको छ ।

परम्परागत कृषि खेतीको तुलनामा नगदेबालीबाट राम्रो आम्दानी हुने भएपछि स्थानीयहरु फूलखेतीमा आकर्षित हुँदै गएका छन् । विगतका वर्षमा अनुदान रकम, बीउ पाएका कृषकले पछिल्ला वर्षमा भने आफै लगानी गर्न उत्साहित छन् । गाउँपालिकाले स्थानीय कृषकलाई नगदेबालीतर्फ प्रेरित गर्दै आएको गाउँपालिकाका अध्यक्ष खिम थापाले बताए । बजारको सुनिश्चित भएपछि नगदेबालीबाट कृषकहरुले राम्रो आम्दानी लिदै आएको समेत अध्यक्ष थापाले जनाए । 'गाउँपालिकाका कृषकलाई उत्पादनमा आबद्ध बनाउँदै उत्पादित कृषिजन्य वस्तुको बजारीकरण गर्न हामीले सहजीकरण गर्दै आएका छौं ।' अध्यक्ष थापाले भने, 'लागत मूल्य कम बनाउँदै उत्पादन वृद्धि गर्न खेतबारीमै कृषि प्राविधिक खटाएर कृषकसँग हातेमालो मार्फत कृषिजन्य वस्तु उत्पादन गरिएको छ ।' गाउँपालिकाले उत्पादनसँगै बजारीकरणलाई प्राथमिकता दिएको बताउँदै प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले पालिकाभित्र 'कृषि मुल्यश्रंखला विकास परियोजना' सञ्चालन गरेको जनाए । हेफर परियोजनासँग सहकार्य गर्दै आधुनिक प्रविधिको प्रयोगबाट उत्पादन वृद्धि र खासमा लागत कम बनाउनेमा काम गरेको उनले बताए । उत्पादित कृषिजन्य वस्तुको खरिद, बिक्री, वितरण र निर्यातमा गाउँपालिकाले कृषकलाई सहयोग गरेको अधिकृत उपाध्यायले बताए । फूलखेती गरेर राम्रो आम्दानी लिदै आएका कालीगण्डकी गाउँपालिकाका कृषकले व्यावसायिक रुपमा मौसमी तथा बेमौसमी तरकारी खेती, अकबरे खुर्सानी, केरा खेतीबाट राम्रो आम्दानी लिदै आएका छन् । गाउँपालिकाकै अगुवाईमा झण्डै १५० रोपनी बाँझो जमिनमा व्यवसायिक रुपमा ड्रागन फ्रुडखेती र तरकारी खेती गरिदै आएको छ ।



फेवातालमा कायाकिङ :
कास्कीको पोखरा महानगरपालिकामा अवस्थित फेवातालमा आइतबार कायाकिङ गर्दै स्वदेशी तथा विदेशी पर्यटक । तस्बिर : ऋषिराम बराल/रासस

# पोखरा रंगशालामा प्लाइउड हटाएर स्टिल पाता जडान

**पोखरापत्र संवाददाता**
पोखरा, ९ कार्तिक

पोखरा रंगशालाको फुटबल स्टेडियम मर्मत तथा पुनःसंभारको काम अहिले तीव्र रूपमा भइरहेको छ ।

प्यारापिटमा प्रयोग गरिएको प्लाइउड जिर्ण बन्दै गएपछि ठेकेदार कम्पनीले त्यसलाई हटाएर मेटल (स्टिल) पाता जडान गर्न थालेका छन् ।

जिल्ला खेलकुद विकास समिती कास्कीको प्रत्यक्ष निगरानीमा भारतीय कम्पनी ग्रेट स्पोर्टस र एम.ए. कन्ट्रक्सन जाउलाखेल ललितपुर (जेभी) ले रंगशालाको मर्मत कार्य अघि बढाएका हुन् । करिब दुई महिना अघि सुरु भएको मर्मत कार्य चाडपर्वका कारण केही समय रोकिए पनि अहिले पुनः गतिशील बनेको समितीका अध्यक्ष मिलन गुरुङले जानकारी दिनुभयो । 'अहिले एक साइडको काम सकिएको छ र अर्को साइडको सुरु भएको छ,' अध्यक्ष गुरुङले भन्नुभयो, 'घामपानी सहन नसकेर प्यारापिटको प्लाइउड जिर्ण बन्दै गएपछि हामीले कम्पनीलाई मर्मत गर्न पत्र लेखेका थियौं। कम्पनीसँग १२ वर्षसम्मका लागि मर्मत सम्भारको सम्झौता भएकाले सोही आधारमा अहिले काम भइरहेको हो।' निर्माण कम्पनीका प्रोजेक्ट म्यानेजर दिपक बरालका अनुसार, प्लाइउडको स्थानमा अहिले ग्याल्भेनाइज्ड एम.एस. प्लेट (मेटल प्लेट) राखिने भएको छ । उहाँले भन्नुभयो, "पोखराको हावा पानी र खुला वातावरण प्लाइउडका लागि उपयुक्त रहेन । त्यसैले अब स्थायित्वका लागि मेटल प्लेट जडान गर्न थालिएको हो।" बरालका अनुसार, मर्मत कार्यमा करिब ७ करोड रुपैयाँ लागत लाग्नेछ, जुन सम्पूर्ण खर्च ठेकेदार कम्पनीले नै व्यहोर्नेछ । मर्मत कार्य २ देखि ३ महिनाभित्र सकिने योजना रहेको पनि उहाँले बताउनुभयो । फ्रान्सबाट आयात गरिएको प्लाइउड पोखराको हावा-पानी सहन नसकेर मक्किएपछि कम्पनीले यसको सट्टा चितवनस्थित जलप नेपालमा तयार गरिएको मेटल प्लेट जडान गर्न थालेको हो । स्टेडियममा करिब १ लाख वर्गफिट क्षेत्रफलमा मेटल प्लेट जडान गरिनेछ । पोखरा रंगशालाको पुनर्निर्माण सन् २०७२ को भूकम्पपछि सुरु भएको थियो । २०७६ सालमा भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) लाई लक्षित गर्दै पुनर्निर्माण कार्य अघि बढाइए पनि सो बेला रंगशालाले पूर्णता पाएको थिएन । १८ हजार ५ सय दर्शक क्षमता रहेको यो स्टेडियम करिब १ अर्ब २८ करोड रुपैयाँमा निर्माण सम्पन्न भई २८ असोज २०७९ मा राष्ट्रिय खेलकुद परिषदलाई हस्तान्तरण गरिएको थियो । ५० वर्षका लागि टिकाउ हुने लक्ष्यसहित निर्माण गरिएको भए पनि प्लाइउडका भाग दुई वर्षअघिदेखि नै कुहिन थालेपछि अहिले मर्मतको आवश्यकता परेको हो । अध्यक्ष गुरुङले विश्वास व्यक्त गर्नुभयो, "अब मेटल प्लेट प्रयोग भएपछि रंगशालाको संरचना दीगो हुनेछ र दर्शकको सुरक्षासमेत सुनिश्चित हुनेछ ।" पोखरा रंगशालालाई दशरथ रंगशालाको विकल्पका रूपमा हेरिँदै आएको भए पनि हाल यहाँ आहा रारा गोल्ड कप बाहेक ठूला राष्ट्रिय वा अन्तर्राष्ट्रिय प्रतियोगिता धेरै आयोजना नहुने गरेको छ ।

# पोखरा भरिभराउ: लामो बिदाले बढायो आन्तरिक पर्यटन

**जमुना वर्षा शर्मा**
पोखरा, ९ कार्तिक/रासस

केही समयदेखि सुस्ताएको पोखराको पर्यटन क्षेत्रमा अहिले आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लागेको छ । दसैंतिहारको लामो बिदा, खुला हिमाल र अनुकूल मौसमले गर्दा पोखराका होटल, रेस्टुरेन्ट र अन्य पर्यटकीय गतिविधिमा उत्साहजनक चहलपहल देखिएको हो । यसले पर्यटन व्यवसायीलाई उत्साहित बनाएको छभने पर्यटन क्षेत्रमा सकारात्मक सन्देश प्रवाह भएको छ ।



अन्नपूर्ण हिमशृङ्खलाको मनोरम दृश्य, फेवातालको शान्त वातावरण, प्याराग्लाइडिङ, बन्जीजम्प, जिप फ्लायरजस्ता साहसिक खेलका कारण नेपालको एक प्रमुख पर्यटकीय गन्तव्य हो पोखरा । यसका साथै अन्नपूर्ण पदयात्रा र मुक्तिनाथको प्रवेशद्वारका रूपमा पनि पोखरा पर्यटकको आकर्षणको केन्द्र बनेको छ । पछिल्लो समय आन्दोलन र प्रतिकूल मौसमले खस्केको पोखराको पर्यटन अहिले मौसममा सुधार र लामो बिदाका कारण पुनर्जीवित भएको छ ।

"विभिन्न मारमा परेको पोखराको पर्यटन क्षेत्रमा अहिले केही राहत महसुस भएको छ । विशेषगरी तिहारको समयमा आन्तरिक पर्यटकसँगै विदेशी पर्यटक पनि सन्तोषजनक मात्रामा आइरहेका छन्", होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीका भन्नुभयो । "लामो बिदा, अनुकूल मौसमले अहिले लेकसाइडका ९० प्रतिशत होटेल अकुपेन्सी रहेको छ, पोखरा हुँदै आसपासका पर्यटकीय गन्तव्यमा अन्नपूर्ण पदयात्रादेखि मुस्ताङसम्मको यात्रामा निस्केका आन्तरिक तथा केही बाह्य पर्यटकको आगमनले उत्साह थपेको छ ।" अहिले पोखरामात्र नभई गण्डकी प्रदेशकै पर्यटनमा सकारात्मक प्रभाव पारेको सुवेदीले बताउनुभयो ।

अध्यक्ष सुवेदीका अनुसार पोखराको पर्यटन क्षेत्रमा हाल करिब रु आठ खर्बबराबरको लगानी भएको छ । सोमध्ये करिब रु ६ खर्ब होटल व्यवसायमै लगानी भएको छ भने प्रत्यक्ष रूपमा करिब १५ हजार व्यक्ति यस क्षेत्रको रोजगारीमा आश्रित छन् । पोखरामा करिब एक हजार २०० पर्यटकीयस्तरका होटल सञ्चालनमा छन्, जसमा ७०० वटा लेकसाइड र ड्यामसाइड क्षेत्रमा केन्द्रित छन् । एक रातमा करिब ४० हजार पाहुना समायोजन गर्न सक्ने क्षमता पोखराका होटलमा रहेको छ । हाल पोखरामा एउटा फाइभस्टार, ६ फोरस्टार र करिब ३० थ्री, टु र वन-स्टार लक्जरी होटल सञ्चालनमा छन् ।

आन्तरिक पर्यटकमा पदयात्राप्रति पनि उत्साह देखिएको छ । पोखरा पदयात्रा (ट्रेकिङ) का लागि एक महत्त्वपूर्ण प्रवेशद्वार हो । अन्नपूर्ण बेस क्याम्प ट्रेक, मर्दी हिमाल ट्रेक, घोरेपानी-पुनहिल ट्रेकजस्ता विश्व-प्रसिद्ध पदमार्ग पोखराबाटै सुरु हुन्छन् । यी पदमार्गले हरेक वर्ष हजारौं ट्रेकरलाई आकर्षित गर्छन्, जसले पोखराको पर्यटनमा थप विविधता ल्याएको छ ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) पोखराका अध्यक्ष कृष्ण आचार्यले भन्नुभयो, "पोखरा नेपालका लागि पदयात्राको प्रवेशद्वार हो । अन्नपूर्ण क्षेत्रमा रहेका अनगिन्ती सुन्दर पदमार्गले यस क्षेत्रलाई विश्वभरका ट्रेकरका लागि आकर्षक गन्तव्य बनाएका छन् । अहिले आन्तरिक र बाह्य पर्यटकको आगमन उत्साहजनक देखिएको छ ।" उहाँले पोखराको पर्यटनलाई दिगो र समृद्ध बनाउन यी पदमार्गको संरक्षण र प्रवर्द्धनमा सरकारले चासो बढाउनुपर्ने बताउनुभयो । आचार्यले भन्नुभयो, "यस याममा पोखरामा पर्यटकको चाप बढ्नु स्वाभाविक हो, तर हामी समग्र वर्षभरि नै पदयात्रा पर्यटनलाई सक्रिय राख्न चाहन्छौं", आचार्यले यसका लागि नयाँ ट्रेकिङ रुटहरूको पहिचान, अवस्थित रुटको स्तरोन्नति, ट्रेकर सुरक्षाका लागि आवश्यक पूर्वाधार विकास र पथप्रदर्शकको क्षमता अभिवृद्धिमा सक्रियतासँगै हालैमात्र अन्नपूर्ण नर्थ जसलाई मौरिस हर्जोग ट्रेल भनेर टानले प्रवर्द्धन गरेको बताउनुभयो ।

आचार्यका अनुसार केही दिनयता कास्कीको छोमरोङ, पोथना, विरेठाँटी लमजुको बेँसीसहर, म्याग्दीको घासा गरेर पाँच चेकपोष्टबाट विदेशी पर्यटक दैनिक हजारदेखि एक हजार २०० र नेपाली चार हजारदेखि चार हजार ४५ सम्म पदयात्रामा जाने गरेका तथ्याङ्क छ ।

रेस्टुरेन्ट एण्ड बार एसोसिएसन नेपाल (रेवान) पोखराका अध्यक्ष विश्वराज पौडेलले पनि लामो समयपछि पोखरामा पर्यटकको आगमन उत्साहजनक देख्न पाएकामा खुसी व्यक्त गर्नुभयो । दसैंभन्दा तिहारमा पर्यटकको आगमन राम्रो छ, "रेस्टुरेन्ट र बारमा पनि पर्यटकको चहलपहल बढेको छ । यसले हामी व्यवसायीलाई थप ऊर्जा दिएको छ", उहाँले भन्नुभयो ।

पोखरा पर्यटन परिषद्का वरिष्ठ उपाध्यक्ष हरि भुजेलले यो मौसममात्र पर्यटनको आगमनले पर्यटन क्षेत्रको लगानी थेग्न नसक्ने भन्दै सबै मौसममा पर्यटन भित्र्याउने दीर्घकालीन योजना सरकारसँग हुनुपर्ने बताउनुभयो । आन्तरिक तथा बाह्य बजारमा पोखराको सुन्दरता र विविधतालाई चिनाउन विशेष पहलको खाँचो छ । "पोखरा प्राकृतिक, साहसिक र सांस्कृतिक पर्यटनको गन्तव्य हो, पोखराको पर्यटनलाई थप उचाइमा पुर्‍याउन सरकार र निजी क्षेत्रको सहकार्य र समन्वयको खाँचो छ ।" उहाँले प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता र महामारीको प्रत्यक्ष प्रभाव पर्यटन क्षेत्रमा पर्ने भएकाले राज्यले दिगो पर्यटन रणनीति अवलम्बन गरेर पर्यटन क्षेत्रलाई सुरक्षित राख्नुपर्ने बताउनुभयो । पोखरालाई साहसिक पर्यटनको हबका रूपमा विकास गर्ने, नयाँ पर्यटकीय गन्तव्य पहिचान गर्ने र पूर्वाधार विकासमा सहयोग पुर्‍याउने योजनाको भुजेलले खाँचो औंल्याउनुभयो । सांस्कृतिक विविधता, र साहसिक गतिविधिको अनुपम सङ्गम, फेवातालमा डुङ्गा सयर, सराङकोटबाट सूर्योदयको दृश्यावलोकन, विश्व शान्ति स्तूपा भ्रमण, डेभिस फल्स र गुप्तेश्वर गुफाको अवलोकन, अन्तरराष्ट्रिय पर्वतीय सङ्ग्रहालयजस्ता आकर्षणले पर्यटकलाई सधैँ लोभ्याउने गरेकाले यसलाई व्यवस्थित गर्नुपर्ने भुजेलको भनाइ छ ।

नयाँ अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा आएसँगै पोखरामा विदेशी पर्यटकको सङ्ख्या अझ बढ्ने अपेक्षा गरिएको छ । विशेषगरी फेवातालको किनारमा रहेका रेस्टुरेन्ट, क्याफे र पसलले साँझमा जीवन्त वातावरण सृजना गरिरहेका छन् । तालमा गरिने डुङ्गा सयर, ताल किनारमा साइक्लिङ वा पैदलयात्रा गर्दा पर्यटकले शान्ति र आनन्दको अनुभव गर्ने गर्दछन् । तालको बीचमा रहेको तालबाराही मन्दिरले पनि सांस्कृतिक महत्व बोकेको छ ।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरूका लागि
महिलाहरूमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरूमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरूको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरूको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसैंग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# फैलिदैछ छठ पर्व

नेपालमा मनाइने चाडपर्व मध्ये तराई मधेसको मिथिलाञ्चलमा मनाउने छठ पर्वको महत्व बढेर गएको छ। छठलाई मधेस र मिथिलाञ्चलमा मात्र सीमित छैन। जहाँ जहाँ छठ पर्व मनाउने पुगेका छन त्यहाँ त्यहाँ मनाउन थालिएको छ। छठ पर्व मानिसमा भएको दुःख रोगभोक जस्ता समस्याहरुलाई निकारण गर्ने विश्वासका साथ नदी र तलाउ किनारामा गएर शुद्धतापूर्वक सूर्य देवतालाई पूजा र आराधना गरेर मनाउने गरिन्छ। छठ पर्वको व्रत गरे दुःख र दरिद्रतावाट मुक्ति पाइने जनविश्वास छ। मानवजातीका सबै समस्या निराकरण हुने बिश्वास गरिन्छ। धनी गरिब एकै ठाउँमा बसेर चाड मनाउँदा सामाजिक विभेद हट्दै जान्छ। छठ पर्व भव्य रुपले मनाउन नदी, तलाउ, पोखरी लगाएतका ठाउँमा सजावट गर्ने काम तिव्र रुपले भएको छ। घाट सजाउन र विजुलीले फिलीमिली बनाइएको छ। तराईका बजारहरु छठका लागि आवश्यक पर्न बाँस र माटोबाट बनेका सामाग्री, फलफूल र पूजाका सामग्रीको व्यापार हुने गर्छ। बाँसवाट निर्मित नाङ्लो, ठेकी, चंगेरी आदि सामान आवश्यक हुन्छ। माटोवाट निर्मित पाला, हाते घैला लगायतका सामाग्री र महिलाले लगाउने वस्त्र र गहनाको बिक्री हुने अवसर पनि हो। छठ पर्व भव्य रुपमा मनाउन पोखरी, नदी घाट, तलाउ सिङ्गार पटार गरिएको छ। तराईका नदि, तलाउ,पोखरी छेउलाई सिङ्गारिएको छ। छठको रौनक बढाइरहेको छ।

छठको वेलामा सात्विक भोजन गरिन्छ। तामसी भोजनमा बर्जित हुने चाड पनि हो छठ। तराईमा उत्पादन हुन नसकेका सामान भारतबाट समेत ल्याइएका छन्। नेपालको तराई मधेशमा मात्र सिमित रहेको छठ पर्व केहि वर्षयता काठमाडौं र पोखरा लगायत पहाडी क्षेत्रमा पनि मनाउन थालिएको छ। छठ तराईबाट पहाडमा बिस्तार भएको छ। देशका सबै ठाउँमा मनाउनु भनेको सँस्कृतिको बिस्तार भएको मान्न सकिन्छ। कतिपय चाडपर्व एक देशबाट अर्को देशमा पनि मनाई रहेको बेला एकै देशको संस्कृति बारे सबै नेपालीले थाहा पाउनु बहुधार्मिक, बहुसाँस्कृतिक भएको देश हो भन्ने प्रमाण हो। तराईबासीहरु नेपालका जुन ठाउँमा बसे पनि छठ मनाउँन आफ्नो जन्मस्थान जाने गरेका थिए। पछिल्लो समय जुन ठाउँमा बसोबास गरिएको छ। त्यहि ठाउँमा छठ मनाउने गरेका छन्। यसले आपसी सद्भाव बढाउने काम गर्छ। सँस्कृतिको बिस्तार एउटा समुदायले मनाईरहेको पर्व अर्को समुदायले पनि मनाउन थाल्नु अवश्य पनि सकारात्मक सन्देशको रुपमा लिनुपर्ने हुन्छ।

महाभारतकालमा द्रौपदीसहित पाण्डवहरुले अज्ञात वासमा रहदा गुप्तवास सफल होस् भनी सूर्य देवको आराधना गरेको र सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको कथन छ। छठ पर्वको दिन दिउसो अस्ताउदै गरेको सूर्यको पूजा तथा खष्टी मातालाई अर्घ दिएर मनाउने चलन छ। सूर्य देवतालाई ठेकुवा, भुसवा, केरा, नरिवल, अदुवा, फलफूल, मिठाइसहितका प्रसाद अर्पण गरिन्छ भने चौथो तथा अन्तिम दिन उदाउँदै गरेको सूर्य र खष्टी मातालाई अर्घ दिई छठ सम्पन्न गरिन्छ। पारिवारिक सुख, शान्ति, रोगबाट मुक्ती तथा मनोकाक्षा पूरा होस् भन्ने उद्देश्यले सूर्यको उपसना गरी यो पर्व मनाउने परम्परा छ। बिशेषगरी मिथिलाञ्चलको आस्थाको रुपमा मानिने छठ पर्व तराईका जिल्लाका साथै राजधानीमा कमलपोखरी, वाग्मती किनार समेत धुमधामका साथ मनाईने गरिएको छ। भिडभाड सहित छठ मनाउनेको संख्या बढ्नु र देशका धेरै ठाउँमा मनाउनु छठ पर्वको महत्व बढ्दै जानु हो। छठ पर्वको अवसरमा सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरुलाई शुभकामना व्यक्त गर्दै उत्तरोत्तर प्रगतिको कामना गर्दछौं।

# विश्वकप क्रिकेट लिग-२: नेपाल अमेरिकासँग पराजित

रासस
काठमाडौं, ९ कार्तिक

आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गतको त्रिकोणात्मक एकदिवसीय शृङ्खलामा नेपाल अमेरिकासँग पराजित भएको छ।

युएईको दुबई अन्तरराष्ट्रिय क्रिकेट मैदानमा आइतबार भएको खेलमा नेपाल अमेरिकासँग १०६ रनले पराजित भएको हो। अमेरिकाले प्रस्तुत गरेको २६३ रनको लक्ष्य पछ्याएको नेपाल ३९ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १५६ रनमा समेटियो। नेपालका लागि दीपेन्द्रसिंह ऐरीले ४० रन बनाए।

यस्तै, आसिफ शेखले ३७, भीम सार्कीले २९, आरिफ शेखले २० तथा सोमपाल कामीले ११ रन बनाए। अमेरिकाका लागि हर्मित सिंहले छ विकेट लिए भने शुबमन रन्जानेले दुई तथा रुशिल उगारकरले एक विकेट लिए। त्यसअघि 'टस' हारेर पहिला 'ब्याटिङ'को निम्तो पाएको अमेरिकाले निर्धारित ५० ओभरमा छ विकेट गुमाउँदै २६२ रनको योगफल बनाएको थियो। अमेरिकाका लागि स्मिथ पटेलले सर्वाधिक ७५ रन बनाए। उनले १०० बलमा नौ चौकाको सहयोगमा ७५ रन बनाएका हुन्। त्यस्तै मिलन्द कुमारले अविजित रहँदै ७० रन बनाए। उनले ५० बलमा छ चौका र दुई छक्का प्रहार गरे। सैतेजा मुक्कामल्लले ४२ र शुभम् रञ्जनेले १९ रन जोडे। नेपालका सन्दीप लामिछानेले दुई विकेट लिए भने सोमपाल कामी, आरिफ शेख र दीपेन्द्रसिंह ऐरीले समान एक-एक विकेट लिए। यो जितसँगै अमेरिका २१ खेलमा ३० अङ्कका साथ अङ्क तालिकाको शीर्ष स्थानमा उक्लिएको छ। यो हारसँगै १७ खेलमा १२ अङ्क जोडेको नेपाल सातौँ स्थानमा छ।

# कार्तिक शुक्ल पञ्चमी: छठका बर्तालु बसे निर्जल उपवास

रासस
काठमाडौं, ९ कार्तिक

छठ पर्वको दोस्रो दिन आज बर्तालुहरु पानी पनि नखाइ व्रत बसेका छन्। यसलाई निर्जल उपवास भनिन्छ। कार्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी चोखो खाएर बसेका बर्तालुले दोस्रो अर्थात् कार्तिक शुक्ल पञ्चमीका दिनमा आइतबार निर्जल उपवास बसेका हुन्। यस दिन बेलुकी घरमा खीर बनाइ चन्द्रमालाई अर्पण गरी एक छाक खाइन्छ। यसलाई 'खरना' भन्ने गरिएको छ।

नदी, छठी माता र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक पूजा आराधना गरी मनाइने चार दिने छठ पर्व शनिबारदेखि सुरु भएको हो। कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म नदी, छठी माता र सूर्यदेवको पूजा आराधना गरी मनाइने छठ पर्व राजधानीलगायत मधेश प्रदेशका जिल्लामा हर्षोल्लासपूर्वक मनाइन्छ। मनोकाङ्क्षा पूरा हुने विश्वासमा महिलाले छठमा कठोर व्रत गर्छन्। विशेषगरी तराईमा मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडी जिल्लामा पनि मनाउन थालिएको छ। यस क्षेत्रका मानिसले पनि कुनै न कुनै रुपमा सूर्यदेवको पूजा, आराधना गर्ने गरेकाले कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्मको विशेष अवधिमा पनि सूर्यदेवको पूजा, आराधना गर्न थालेका हुन्। विसं २०४६ देखि नै सरकारले यस पर्वका दिन सार्वजनिक बिदा दिन थालेको हो। विसं २०६२ पछि भने काठमाडौँको थापाथली, पशुपति क्षेत्रस्थित गुह्येश्वरीबाट गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्वका साथ यो पर्व मनाउन थालियो। रानीपोखरीमाभूकम्पपछिकोपुनःनिर्माण सकिएदेखि हाल छठ मनाइँदैन। यसअघिदेखि नै वाग्मती र विष्णुमती नदीकिनारमा छठ मनाउने चलन सुरु भएको थियो। राजधानीका नागपोखरी, गहनापोखरीलगायत जलाशयमा पनि छठ मनाउने गरिएको छ। छठको मुख्य दिन अर्थात् कार्तिक शुक्ल षष्ठीका दिन पक्वान्न, फलफूल, उखु र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ। साँफपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गाइन्छ। डुब्न लागेका सूर्यलाई अर्घ्य दिई प्रणाम गरिन्छ। अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताउन चलन छ। सप्तमीका दिन उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान चारबजेदेखि नै प्रतीक्षा गरिन्छ। उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ। यसरी घाटमा गरिने पूजालाई 'भिन्सरघाट' भनिन्छ। कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवम् नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका सदस्य प्रा डा देवमणि भट्टराईले बताउनुभयो।

राजधानीमा गुह्येश्वरीबाट गौरीघाटको बाग्मती किनारमा छठ घाट निर्माण अन्तिम चरणमा पुगेको गुह्येश्वरी छठ पूजा समितिले जनाएको छ। यसैगरी कमलपोखरीमा पनि छठको तयारी भइरहेको छ। दुवै स्थानमा कात्तिक १० गते बेलुकी राष्ट्रपति रामचन्द्र पौडेलले विशेष पूजा एवं छठ पर्व अवलोकन गर्नुहुने कार्यक्रम रहेको छ। यस वर्ष कात्तिक १० गते सोमबार बेलुकी अस्ताउँदो र कात्तिक ११ गते मङ्गलबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइने कार्यक्रम रहेको समितिले जनाएको छ। छठ वर्तालु भने कार्तिक शुक्ल षष्ठीको रातभर नदी किनारमै जाग्राम बस्छन्।

# 'ट्रेडिसनल आर्चरी'मा नेपाल सहभागी

रासस
काठमाडौं, ९ कार्तिक

चीनको युनान प्रान्तको लिजियाङ सहरमा 'फाल्कन कप अन्तराष्ट्रिय 'ट्रेडिसनल आर्चरी' आमन्त्रण प्रतियोगिता तथा दर्शौं 'जेन्फी कप' आर्चरी आमन्त्रण प्रतियोगितामा नेपाल सहभागी भएको छ।

प्रतियोगितामा हङ्गेरी, थाइल्याण्ड, म्यान्मा र नेपालका साथै चीनका ग्वाइडोङ, साङडोङ, छोङछिङ, आनहुइ, छिङहाइ, थियानजीन, हङकङ र युनान प्रान्तका खुनमिङ, क्विजिङ, फुमिन, दाली, लिजियाङ, शाङ्ग्रिलालगायत स्थानबाट १६० खेलाडी सहभागी भएका काठमाडौं जेन्फी ट्रेडिसनल आर्चरीले जनाएको छ। नेपालबाट काठमाडौं जेन्फी ट्रेडिसनल आर्चरी एण्ड मार्सल आर्ट सङ्घका सचिव राजीव महर्जन सहभागी हुनु भएको थियो। नेपालमा परम्परागत आर्चरी, उसु र कुस्ती खेलमा सहयोग गर्न स्पोर्ट इन्स्टिच्युट अफ युनान विश्वविद्यालय, ट्रेडिसनल आर्चरी एशोसिएसन युनान र खुन्मिङ जेन्फी आर्चरी क्लबले सहकार्य गर्ने प्रतिबद्धता जनाएका सचिव महर्जनले बताउनुभयो।

# ७७ जिल्लाको सौन्दर्य एकै पुस्तक "नेपाल कला यात्रा" लोकार्पण

पोखरापत्र संवाददाता
पोखरा, ९ कार्तिक



कलाकार नगेन सिंह ठकुरीको 'नेपाल कला यात्रा' पुस्तक भाइटीकाको दिन पोखरामा लोकार्पण गरिएको थियो।

कलाकारिता मार्फत नेपाललाई विश्व मञ्चमा चिनाउने उद्देश्यले तयार गरिएको उक्त पुस्तक पोखरास्थित नगेन आर्ट म्युजियममा एक विशेष समारोहकाबीच लोकार्पण गरिएको हो। कलाकार प्राज्ञ नगेन सिंह ठकुरीको उक्त कृतिमा नेपालको ७७ वटै जिल्लाका कम्तीमा तीनवटा धार्मिक, प्राकृतिक र सांस्कृतिक सम्पदालाई क्यानभासमा उतारेर तयार गरिएको १०१ कलाकृतिहरुको अद्वितीय संकलन हो। पुस्तकमा लुम्बिनी, सगरमाथा, पशुपतिनाथ, मुक्तिनाथ, लाङटाङ हिमाल, चितवन राष्ट्रिय निकुञ्ज लगायतका स्थलका कलाकृतिहरु समावेश छन्। कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेल, साहित्यकार असफल गौतम, पर्यटन विज्ञ दीपेन्द्र पहारी, विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान'का संयोजक, नवीन श्रेष्ठ, नगेन न्यूज पब्लिकेशन प्रा.ली.की अध्यक्ष ज्योती हमाल, र कलाकारका अभिभावक होमबहादुर सिंह र शान्ता सिंह ठकुरीलगायतले संयुक्त रुपमा पुस्तक विमोचन गरेका थिए। कलाकार ठकुरीले पुस्तक सार्वजनिक गर्दै, हाम्रो देशको प्राकृतिक, सांस्कृतिक र धार्मिक विविधता विश्वमै अनुपम छ। तर यसको प्रचार र उपयोगमा कमी छ। यही सन्देश तिहारकै दिन विश्वभर पुर्याउने उद्देश्यले यो पुस्तक सार्वजनिक गरेको हुँ।,-भन्नुभयो। पुस्तकका समीक्षक पर्यटन विज्ञ दीपेन्द्र पहारीले यस कृतिले नेपाली कला र पर्यटनबीचको सम्बन्धलाई अझ सशक्त रुपमा जोडेको बताउनुभयो। त्यस्तै साहित्यकार असफल गौतमले ठकुरीको कलाकृतिले नेपाललाई 'रङ, रेखा र भावना'मार्फत बुझ्ने नयाँ दृष्टिकोण दिएको टिप्पणी गर्नुभयो। कार्यक्रमको सञ्चालन सुजन देवाजुले गनुभएको थियो भने स्वागत 'विश्वको उत्कृष्ट गन्तव्य नेपाल बनाउने महाअभियान'का संयोजक नवीन श्रेष्ठले गनुभएको थियो। यस्तै सो कार्यक्रमको समापन तथा धन्यवाद ज्ञापन नगेन न्यूज पब्लिकेशन प्रा.ली.की अध्यक्ष ज्योति हमालले गर्नुभएको थियो। कार्यक्रममा उपस्थित अतिथिहरुले ठकुरीको 'नेपाल चिनाउने कला-अभियान' लाई निरन्तरता दिन शुभकामना दिएका थिए। आयोजकका अनुसार, 'नेपाल कला यात्रा'लाई निकट भविष्यमा १ सय ९७ भाषामा अनुवाद गरी विश्वका विश्वविद्यालय र पुस्तकालयहरूमा निशुल्क वितरण गरिने योजना रहेको बताइएको छ।

# पोङ्कर ताल जाने पदमार्ग निर्माण गरिँदै

पोखरापत्र संवाददाता
मनाङ, ९ कार्तिक

नासो गाउँपालिका-६ र ७ मा पर्ने पोङ्कर ताल जाने पदमार्ग निर्माण गरिने भएको छ। अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना मनाङ एकाइ संरक्षण कार्यालयले समुद्री सतहदेखि चार हजार ६५१ मिटर उचाइमा अवस्थित पोङ्कर तालसम्मको सर्वेक्षणपछि पदमार्ग निर्माण गर्ने भएको हो।

अन्नपूर्ण तेस्रोको काखमा अवस्थित यस ताललाई नयाँ पदमार्गमार्फत मनाङ उपत्यकासँग जोड्ने उद्देश्यले सर्वेक्षण गरी पदमार्ग निर्माण गर्ने योजना निर्धारण गरिएको हो। यस सर्वेक्षणको मुख्य लक्ष्य तालसम्म पुग्ने सम्भावित नयाँ पदमार्गको पहिचान तथा अध्ययन गर्नु रहेको अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना पोखराका प्रमुख रवीन कडरियाले जानकारी दिनुभयो। उहाँले पोङ्कर तालला‌ई प्राकृतिक तथा पर्यटकको आकर्षणको रूपमा स्थापित गर्ने उद्देश्यले सर्वेक्षण गरिएको र पदमार्ग निर्माणपश्चात् यस तालको प्रवर्द्धनमा सहयोग पुग्ने बताउनुभयो। अन्नपूर्ण तृतीयको हिम नदीले बनेको पोङ्कर ताल मनाङको सबैभन्दा कम अन्वेषण गरिएको प्राकृतिकस्थलमध्ये एक मानिन्छ। स्थानीयले प्रयोग गर्ने पदमार्ग पहिरोले पूर्ण रूपमा क्षति भएपछि अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना, एकाइ संरक्षण कार्यालय मनाङको टोलीले सुरक्षित र दिगो मार्ग पहिचान गर्न सर्वेक्षण गरी योजना अगाडि बढाएको छ।

स्थानीय यार्सागुम्बा र वन लसुन सङ्कलनका लागि यस क्षेत्रको भ्रमण गर्ने गर्छन्। यस्ता अन्वेषणात्मक सर्वेक्षणले स्थानीय समुदाय र आगन्तुक माझ संरक्षण जागरुकता बढाउँदै दिगो पारिस्थिति पर्यटनलाई प्रवर्द्धन गर्ने अपेक्षा गरिएको कडरियाले बताउनुभयो। आकारमा सानो भए पनि पोङ्कर ताल वरिपरिका हिमाली दृश्य अत्यन्त मनमोहक छन्। अन्वेषणात्मक गतिविधिले दिगो पर्यापर्यटनलाई प्रवर्द्धन गर्नुका साथै स्थानीय समुदाय र पर्यटनमा संरक्षणबारे सचेतना अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

नयाँ पदमार्ग विकास भएसँगै यस क्षेत्रले आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरी यहाँको पर्यटन र स्थानीय अर्थतन्त्रमा सहयोग पुग्ने अपेक्षा गरिएको छ। यहाँका प्राकृतिक सौन्दर्यतालाई प्रवर्द्धन गरी स्वदेश तथा विदेशी पर्यटकलाई आकर्षण गर्दै अर्थतन्त्रसँग जोड्न आवश्यक रहेको बताइन्छ।

# अपाङ्गता भएकाहरुले गरे अन्नपूर्ण आधार शिविरको पदयात्रा

पोखरापत्र संवाददाता
म्याग्दी, ९ कार्तिक



अपाङ्गता भएका व्यक्तिहरुले म्याग्दीको अन्नपूर्ण आधार शिविरसम्म पदयात्रा गरेका छन्।

अपाङ्ग सञ्जाल अन्नपूर्ण गाउँपालिकाको आयोजनामा छ प्रकारका अपाङ्गता भएका नौ जनाले यही कात्तिक ५ गते नारच्याङको हुमखोलादेखि पदयात्रा सुरु गर्नुभएको थियो। पदयात्रा आज पूरा भएको सञ्जालका सचिव विशाल विकले जानकारी दिनुभयो। पदयात्रामा चोमु शेर्पा खुसी, ईश्वर बास्तोला, राजेश भण्डारी, सेरेवल पालसी सङ्गीता शर्मा, विशाल विक, भीम गुरुङ, वासु थकाली रहनुभएको थियो। उहाँहरुको सहयोगीका रूपमा बन्दना राई सहभागी हुनुभएको थियो। "अपाङ्गतामैत्री नीति र भौतिक संरचना निर्माण तथा पर्यटन क्षेत्रमा समावेशीता आवश्यक रहेको सन्देश प्रवाह गर्ने उद्देश्यले गरिएको पदयात्रा सफल भएको छ", सञ्जालका सचिव विकले भन्नुभयो, "आधार शिविरको यात्रा निकै रोमाञ्चक भयो। साथीहरु सहजै तरिकाले आधार शिविर पुग्नुभयो। कतिपय स्थानको पदमार्ग र बस्ने होटल अपाङ्गमैत्री नभएको पाइयो। अपाङ्गता भएका व्यक्तिहरु पनि आधार शिविर पुग्न सक्छन् भन्ने सन्देश प्रवाह गर्न सफल भएका छौं।" मौरिस हर्जोग पदमार्ग हुँदै २२ किलोमिटर दूरीको पदयात्रा गरेर आधार शिविर पुगेका उहाँहरु सकुशल फर्किनुभएको छ। पदमार्ग, पूर्वाधार निर्माण, खाने बस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा यस शरदयाममा उल्लेख्य सङ्ख्यामा पर्यटक आएका छन्।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | शत्रुको भय | तुला | सहयोग मिल्नेछ |
| वृष | झमेला बढ्ने | वृश्चिक | सत्कार मिल्नेछ |
| मिथुन | शुभ यात्रा | धनु | अप्रत्यसित लाभ |
| कर्कट | स्वास्थ्यमा सुधार | मकर | शारीरिक झमेला |
| सिंह | आर्थिक समस्या | कुम्भ | मानसिक तनाब |
| कन्या | कार्यमा सफलता | मीन | व्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# पदयात्राका लागि युवापुस्ताको पहिलो रोजाइमा अन्नपूर्ण आधार शिविर

**सन्तोष गौतम**
म्याग्दी, ९ कार्तिक



अन्नपूर्ण हिमालको आधार शिविर नयाँ पर्यटकीय गन्तव्यका रूपमा विकसित भएको छ।

आठ हजार ९१ मिटर अग्लो अन्नपूर्ण हिमाल र आरोहण सुरु हुने आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ को भूगोलमा पर्छ । समुद्री सतहदेखि चार हजार १५० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा छोटो दूरीमा सहजै पदयात्रामा पुगिने भएकाले पर्यटकको रोजाइमा परेको हो । पदमार्ग, पूर्वाधार निर्माण, खानेबस्ने सुविधा र प्रवर्द्धनात्मक कार्यक्रमपछि आधार शिविरमा चालु शरदयाममा नसोचेको सङ्ख्यामा पर्यटक आएका अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले जानकारी दिनुभयो। "अन्नपूर्ण हिमाल र आधार शिविरको भूगोल म्याग्दीमा पर्ने तथ्य स्थापित भएर त्यहाँसम्म पुग्ने पदमार्ग तयार र प्रवर्द्धनका कार्यक्रमपछि यो याममा अपेक्षा गरेभन्दा धेरै पर्यटक आउनुभयो", उहाँले भन्नुभयो, "युवापुस्ताको रोजाइमा अन्नपूर्ण आधार शिविर परेको छ ।" दसैंलगत्तै आधार शिविरमा दैनिक दुई सयदेखि पाँच सय जनासम्म पर्यटक आइरहेका अध्यक्ष पुनले बताउनुभयो । आधार शिविरमा दुई वर्षअघिसम्म वसन्त याममा हेलिकप्टरमार्फत आरोहीहरू मात्र पुग्ने गर्दथे। पदमार्गमा रहेका होटलको क्षमताभन्दा बढी सङ्ख्यामा पाहुना आएकाले व्यवस्थापनमा समस्या भएको व्यवसायीले बताएका छन् । नारच्याङदेखि हुमखोलासम्म २० किलोमिटर सडक र हुमखोलादेखि आधार शिविरसम्म आधारभूतस्तरको २२ किलोमिटर पदमार्ग तयार भएको छ। दुई दिनको पैदलयात्रामा पुगिने अन्नपूर्ण आधार शिविर पर्यटकका लागि 'भर्जिन' गन्तव्य भएको शेर्पा अल्पाइन ट्रेकिङका पथप्रदर्शक लाक्पा आङ्वु शेर्पाले बताउनुभयो । अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृङ्खला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । दुई दिनमा आधार शिविर पुग्न र तेस्रो दिन फर्कन सकिन्छ।

नारच्याङका तेज गुरुङको अगुवाइमा २०६८ सालमा अन्नपूर्ण हिमाल र आधार शिविर म्याग्दीमा पर्ने तथ्य तथा पदमार्ग पहिचान भएको थियो । सो पदमार्गलाई अन्नपूर्ण गाउँपालिकाले २०७७ सालमा नक्साङ्कन र 'मौरिस हर्जोग' नामकरण गरेको थियो।

सन् १९५० जुन ३ मा फ्रान्सका मौरिस र लुइस लचेनलको टोलीले अन्नपूर्णको शिखर चुमेको तीन वर्षपछि सगरमाथाको सफल आरोहण भएको थियो । आठ हजार मिटरभन्दा अग्लो हिमालमा पहिलो मानव पाइला परेका कारण अन्नपूर्णलाई जेठो हिमाल भनिन्छ। विसं २०७७ मा भएको अन्नपूर्ण महोत्सव र गत जेठमा अन्नपूर्ण आरोहणको हीरक जयन्तीले पदमार्ग, हिमाल र आधार शिविरको प्रचार गर्न सहयोग पुगेको छ । सञ्चारमाध्यम र सामाजिक सञ्जालका सामग्री देखेर आधार शिविर घुम्न आएको काठमाडौँका सुदीप भट्टले बताउनुभयो।

पदमार्गको प्रवेशविन्दुमा पर्ने नारच्याङमा सन् २०१२ आएका हर्जोगले आरोहणका समयमा प्रयोग गरेको बाटो र आधार शिविरका बारेमा जानकारी गराएपछि स्थानीयवासीको टोलीले पदमार्गको खोज अनुसन्धान गरेको अगुवा गुरुङले बताउनुभयो। कास्की र म्याग्दीका दुईवटा स्थानीय तहको नामकरण अन्नपूर्ण हिमालबाट गरिएको छ । पर्यटन विभागका अनुसार हालसम्म पाँच सय ३६ जनाले अन्नपूर्ण हिमालको आरोहण गरेका छन् । नीलगिरि र अन्नपूर्ण हिमालको फेदीमा रहेको आधार शिविर समथर फाँटमा छ। आधार शिविरमुनि समुद्री सतहदेखि चार हजार ५० मिटर उचाइमा पञ्चकुण्ड ताल छ। आधार शिविरको डाँडामा बसेर ताल र हिमाल अवलोकन गर्न सकिन्छ। पदयात्रीहरूले ताल र हिमाललाई पृष्ठभूमिमा पारेर डाँडैडाडाँ हिँडेको तस्बिर खिच्न र भिडियो बनाउँछन्। एक लाख सात हजार ६८४ वर्गमिटर क्षेत्रफलमा फैलिएको ताल अन्नपूर्ण हिमालको हिउँ पग्लिएर आउने पानी सङ्कलन भएर बनेको प्राकृतिक हिमताल हो। अन्नपूर्ण हिमाल र पञ्चकुण्ड ताललाई एकैपटक अवलोकन गर्न पाउनु अन्नपूर्ण आधार शिविरको प्रमुख विशेषता भएको बेनीकी सुष्मा खत्रीले बताउनुभयो । "वरपरका हिमाल र फेदीमा रहेको तालले मलाई मोहित र प्रफुल्लित बनायो", उहाँले भन्नुभयो, "यहाँको अलौकिक सौन्दर्यमा रमाउन पाउँदा सबै, दुःखकष्ट र तनाव भुलेर मनमा उमङ्ग छाएको छ।" आधार शिविरमा प्रथम ओहरण टोलीको अगुवा फ्रान्सका मौरिज हर्जोग, लुइस लचेनल र सोनाम वालुङ शेर्पाको सालिक स्थापना र हालसम्म अन्नपूर्ण हिमाल आरोहण गरेका पाँच सय ३६ जनाको नामावली उल्लेख गरिएको ताम्रपत्र भएको खुला सङ्ग्रहालय पनि रहेको छ।

अन्नपूर्ण गाउँपालिकाले गत आर्थिक वर्षमा फुतफुते झरनामा चिया, खाजा पसल सञ्चालनका लागि आश्रयस्थल भवन, शौचालय निर्माण र खानेपानी व्यवस्थापन गरेको थियो । हुमखोलामा खानेपानी र शौचालय निर्माण भएको छ । गुफाफाँट र आधार शिविरमा एक-एकवटा शौचालय निर्माण भएको छ। हुमखोलादेखि साधीखर्कसम्मको पदमार्गमा ढुङ्गा बिछ्याउने, अप्ठ्यारो ठाउँको पदमार्गको डिलमा रेलिङ राखिएको छ । नारच्याङका बासिन्दाले गत वसन्तयामदेखि हुमखोला, फुतफुते, साधीखर्क, गुफाँफाँट, भुसकेत र पञ्चकुण्डमा अस्थायी संरचना बनाएर होटल सञ्चालन गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) मा पर्ने भएकाले यहाँ स्थायी भौतिक संरचना बनाउन प्रक्रिया पूरा गरेर सरकारबाट अनुमति लिनुपर्छ । एक्यापले ५० जना पाहुना राख्न सक्ने अस्थायी संरचना बनाउन अनुमति दिएको तर चार, पाँच गुणा बढी पाहुना आएकाले टेन्ट र पालमुनि बसोबासको व्यवस्था मिलाउनुपरेको भुसकेतका होटल ब्यवसायी माइकल पुनले बताउनुभयो । होटलहरु नहुँदा पदयात्री आफैँले बन्दोबस्तीका सामान बोकेर जानुपर्ने समस्या थियो। हुमखोलादेखि माथि सञ्चार र विद्युत् सुविधाको अभाव छ । सञ्चार सुविधाको अभावमा लेक लागेर बिरामी भएका पर्यटकको उद्धार गर्न र पाहुनाको व्यवस्थापनमा समस्या भएको छ। बढ्दो पाहुनाको आगमनसँगै फोहर व्यवस्थापन पनि यहाँको अर्को चुनौती बनेको छ । पदमार्ग निर्माणलाई पूर्णता दिन र झोलुङ्गे पुलको स्तरोन्नति गर्नुपर्ने आवश्यकता छ। गत हप्ता अन्नपूर्ण आधार शिविर पुगेर फर्किएका म्याग्दी क्षेत्र नं १ (क) बाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले पूर्वाधार निर्माणका साथै प्रवर्द्धनमा स्थानीय तह, एक्याप, प्रदेश र सङ्घीय सरकारसँग समन्वय गर्ने बताउनुभयो । "छोटो दूरीमा र छिटो पुग्न सकिने भएकाले अन्नपूर्ण आधार शिविर, पञ्चकुण्ड तालको पर्यटनका हिसाबले प्रशस्त सम्भावना छ", उहाँले भन्नुभयो, "सञ्चार र विद्युत् सुविधाको विस्तार, पदमार्गको स्तरोन्नति, फोहर व्यवस्थापन, झोलुङ्गे पुललगायत पूर्वाधार निर्माणमा सरकारको ध्यानाकर्षण र बजेट भित्र्याउन पहल गर्नेछु।"

# अन्तर्राष्ट्रिय स्याङ्जालीको मञ्चको नेतृत्वमा मीनबहादुर क्षेत्री

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ९ कार्तिक



स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय समितिको छैठौं विश्व सम्मेलन स्याङ्जाको पुतलीबजारमा सम्पन्न भएको छ । विश्वका विभिन्न मुलुकमा बसोबास गर्ने स्याङ्जालीहरूको सहभागितासहित सम्पन्न सम्मेलनले बेल्जियम निवासी मीनबहादुर क्षेत्रीलाई नयाँ कार्यकालका लागि अध्यक्षमा निर्वाचित गरेको छ।

दुई वर्षका लागि गठन गरिएको समितिमा सर्वसम्मत पदाधिकारी चयन गरिएको हो । बरिष्ठ उपाध्यक्षमा दक्षिण कोरियाका राजेश पाण्डेय निर्वाचित भएका छन् भने उपाध्यक्षका रूपमा पोर्चुगलका एम.पी. अर्याल र अर्जुन अर्याल, जापानका धुर्व ज्ञवाली, युएईका पिताम्बर अर्याल, अमेरिकाका शोभाकान्त पाण्डेय र महिला उपाध्यक्षका रूपमा बेल्जियमकी इन्दिरा खनाल चयन भएका छन् । महासचिवको जिम्मेवारी क्रोसियाका ओमप्रकाश पोखरेलले पाएका छन्। सचिवका रूपमा नेपालका गुप्त प्रसाद गैह्रे र अमेरिकाका दिनदयाल भण्डारीले सर्वसम्मत निर्वाचित भएका हुन् । कोषाध्यक्षमा नेपालकै चिरञ्जीवी ढकाल, सह-कोषाध्यक्षमा तारा प्रसाद गौडेल, प्रवक्तामा धर्मागत पराजुली र युवा संयोजकमा बिदुर कोइरालाले निर्वाचित भएका छन्।

क्षेत्रीय संयोजकमा अमेरिकाबाट ज्ञानबहादुर क्षेत्री, मध्यपूर्वबाट गोपाल पंगेनी र एसिया-प्यासिफिक क्षेत्रबाट चित्र गुरुङ चयन भएका छन् । निर्वाचन समितिका संयोजक खेम काफ्लेका अनुसार सदस्यहरूमा साउदी अरबका विष्णु भट्टराई, जापानका तुल्सिराम गौडेल, पोर्चुगलका राजेन्द्र प्रसाद डुम्रे र जापानकै अर्मान गुरुङ निर्वाचित भएका हुन् । देश र विदेशमा रहेका स्याङ्जालीहरूलाई एकताबद्ध गर्ने उद्देश्यले आयोजना गरिएको सम्मेलनलाई स्याङ्जा समुदायले ऐतिहासिक महत्वको उपलब्धिका रूपमा लिएको छ । शिक्षक, कानुन व्यवसायी, खेलकुदप्रेमी र समाजसेवी–यी सबै परिचय बोकेका मीनबहादुर क्षेत्री हाल स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय समितिको नेतृत्वमा पुगेका छन् । स्याङ्जाको आँधीखोला गाउँपालिका २ मा २०३१ माघ २० गते जन्मिएका क्षेत्रीको जीवन यात्रा शिक्षाको बलियो जग, सामाजिक समर्पण र नेतृत्व क्षमताको मिश्रण हो । सामान्य परिवारमा हुर्किएका क्षेत्रीले प्रारम्भिक शिक्षा प्रदुम्न पनेरो माध्यमिक विद्यालय, रंगेठाटीबाट प्राप्त गरेका हुन् । २०४६ सालमा एसएलसी पास गरेपछि उनले पोखराको पृथ्वीनारायण क्याम्पसबाट राजनीतिशास्त्रमा स्नातकोत्तर र समाजशास्त्रमा समेत स्नातकोत्तर तहमा प्रथम श्रेणीमा उत्तीर्ण गरे । कानुनप्रति विशेष रुचि राख्ने क्षेत्रीले नेपाल बार एसोसिएसनको अधिवक्ता परीक्षा पास गरी कानुन व्यवसायीका रूपमा २०५५ देखि सक्रिय जीवन सुरु गरे। शिक्षण क्षेत्रमा पनि रुचि राख्ने उनले लिटल स्टेप बोर्डिङ स्कुलका प्रिन्सिपलदेखि कालिका बहुमुखी क्याम्पसका शिक्षकसम्मका भूमिकामा काम गरे।

पोखरा एफएमको सब-स्टेशन म्यानेजरका रूपमा २०५६ देखि २०५९ सम्मको अनुभवले उनलाई सञ्चार र व्यवस्थापनमा पनि दक्ष बनायो । भलिबलप्रेमी क्षेत्री युवावस्थामा क्षेत्रीय स्तरका खेलाडी र राष्ट्रिय स्तरका रेफ्री समेत बने । शिक्षण, खेलकुद र कानुन क्षेत्रको अनुभवले उनलाई सामाजिक अभियन्ताको बाटोमा अघि बढायो। सन् २०११ मा उनी युरोपको बेल्जियममा पुगे। 'नेपालमा पनि धेरै गर्न सकिन्छ, तर विदेशको अनुभवले सोच फराकिलो बनाउँछ' भन्ने विश्वाससहित उनले नयाँ जीवन सुरु गरेको सुनाउँछन्। त्यही बेला उनले स्याङ्जाली समुदायलाई संगठित गर्ने उद्देश्यले स्याङ्जा समाज बेल्जियम स्थापना गरेको उनी बताउँछन् । जसलाई २०१९ मा वैधानिक रूपमा दर्ता गराएर सञ्चालनमा ल्याए । त्यसपछि क्षेत्री अन्तर्राष्ट्रिय स्याङ्जा सहयोग समाजसँग आबद्ध भए। सन् २०१९ देखि २०२१ सम्म उनले युरोप संयोजकको रूपमा काम गर्दै बेलायतलगायत देशमा स्याङ्जा समाजको विस्तार गरे। सफल संयोजनपछि उनी सचिव पदमा सर्वसम्मत चयन भए, उनले २०२१ देखि २०२३ सम्म सचिवको भूमीका काम गरेका थिए । विदेशमा रहेर आफ्नो जन्मभूमीप्रति माया गर्नेलाई उनले गोलबन्द गर्न गर्दै आएपछि उनी अहिले नेतृत्वमा पुगेका छन्। उनको कार्यकालमा ' अक्षय कोष' स्थापना अभियान अघि बढेको छ। क्षेत्रीको पहल र युरोपस्थित सदस्यहरूको सहयोगमा एक करोड रुपैयाँको अक्षय कोष स्थापना गरिएको छ। जसको ब्याज सामाजिक तथा सामुदायिक काममा खर्च गरिन्छ।

विधान संशोधन समितिका संयोजकका रूपमा उनले संस्थाको दीर्घकालीन नीतिलाई सुदृढ बनाउने काम गरे । सन् २०२३ पछि उनले उपाध्यक्षका रूपमा कार्य गर्दै विश्वभरका एनसीसी (राष्ट्रिय समन्वय परिषद्) विस्तारमा पनि नेतृत्व गरेका उनी क्षेत्री स्याङ्जा सहयोग समाजको अध्यक्षका रूपमा निर्वाचित भएका हुन् । अध्यक्षका उम्मेदवार बन्दै गर्दा उनले पाँच बुँदे योजना अघि सारेका थिए–संस्थाको आफ्नै भवन निर्माण, प्रशासनिक प्रणाली सुदृढीकरण, विश्वव्यापी संरचना विस्तार, युवाहरूलाई नेतृत्वमा ल्याउने र समाजको अक्षय कोषलाई दीर्घकालीन स्रोतमा रूपान्तरण गर्ने उनको योजना छ। 'यदि म बिहान-साँझ खानको लागि कमाउँछु भने, त्यो कमाइको केही हिस्सा समाजको लागि खर्च गर्नुपर्छ,' क्षेत्रीले आफ्नो योजना सुनाए। उनको यही सोच र निरन्तर प्रतिबद्धताले उनलाई स्याङ्जाली समुदायको विश्व नेतृत्वको सर्वोच्च स्थानमा पुऱ्याएको छ।

# 'फोहरमैला र उद्यान' भिरकोटको आम्दानीको स्रोत

**पोखरापत्र संवाददाता**
वालिङ, ९ कार्तिक

यहाँका भिरकोट नगरपालिकाले फोहरमैला व्यवस्थापन र उद्यानबाट आम्दानी गर्दै आएको छ । भिरकोट-४ सिसौँघारीस्थित आँधीखोलाको किनारमा सरसफाइ केन्द्र तथा उद्यान निर्माण गरेर आम्दानीसँग जोडिएको हो।

नगरपालिकाले आर्थिक वर्ष २०७७/७८ देखि सञ्चालनमा ल्याएको सरसफाइ केन्द्रमा सङ्कलन भएका कुहिने, नकुहिने तथा सिसाजन्य फोहरमैलाको व्यवस्थापन गरी बर्सेनी आम्दानी गर्दै आएको छ। सरसफाइ केन्द्र नजिकै भिरकोट उद्यान निर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणको गन्तव्यका रूपमा विकास गरी आम्दानी गर्दै आएको हो।

नगरपालिकाले सञ्चालनमा ल्याएको सरसफाइ केन्द्र र उद्यानबाट हालसम्म रु ६१ लाख आम्दानी भएको केन्द्र तथा उद्यान व्यवस्थापक कृष्णप्रसाद अर्यालले बताउनुभयो । "सुरुका वर्षको तुलनामा पछिल्ला वर्षमा फोहरमैला बिक्री बढ्नुका साथै उद्यानमा आगन्तुकको उपस्थिति बाक्लो हुँदै गएको छ। उद्यानमा प्रवेश शुल्कबापत सङ्कलन हुने रकम पनि बढ्दै गएको छ", उहाँले भन्नुभयो, "फोहरमैलाको परिमाण बढ्नुका साथै यहाँ आन्तरिक तथा बाह्य पर्यटकको आगमन वृद्धि हुँदै गएकाले आम्दानी पनि वृद्धि हुँदै गएको हो।" नगरपालिकाले आर्थिक वर्ष २०८१/८२ मा उद्यान प्रवेश शुल्क तथा वनभोज, कबाडीजन्य सामग्री बिक्री तथा सरसफाइ शुल्कबाट रु १६ लाख २० हजार ४१५ आम्दानी गरेको उहाँले बताउनुभयो। सोही शीर्षकमा आव २०८०/८१ मा रु १६ लाख ५१ हजार, आव २०७९/८० मा रु १३ लाख २८ हजार ६३५, आव २०७८/७९ मा सरसफाइ शुल्क तथा कबाडीजन्य सामग्री बिक्रीबाट रु आठ लाख ७८ हजार ३४४ र आव २०७७/७८ मा रु छ लाख १३ हजार ३५४ आम्दानी भएको व्यवस्थापक अर्यालले जानकारी दिनुभयो । सरसफाइ केन्द्र र उद्यान एउटै स्थानमा सञ्चालन गरेर आम्दानीसहित उदाहरणीय कार्यको थलानी गरिएको भिरकोट नगरप्रमुखगोविन्दकुमारकर्माचार्यले बताउनुभयो । "फोहरमैलाको व्यवस्थापन र उद्यानको अध्ययन, अवलोकनका लागि विभिन्न नगरपालिका तथा गाउँपालिकाका प्रतिनिधि, सङ्घसंस्था, समूहहरू आउने गरेका छन्", उहाँले भन्नुभयो, "अझै यसलाई व्यवस्थित गर्दै जाने योजना छ। यो सिकाइ तथा अध्ययनको गन्तव्य बन्दै गएको छ।" उद्यान परिसरभित्र 'स्विमिङ पुल' निर्माण अन्तिम चरणमा पुगेको नगरप्रमुख कर्माचार्यले उल्लेख गर्नुभयो। उहाँका अनुसार सरसफाइ केन्द्र नजिकै १२० मिटर लम्बाइ र ८० मिटर चौडाइको जलाशय बनाई सोको बीचमा मन्दिरसहितको पूर्वाधार निर्माण भइरहेको छ । जलाशय सम्पन्न भएपछि डुङ्गाका माध्यमबाट मन्दिरमा पूजाआजाका लागि जानेआउने व्यवस्था मिलाइने उहाँले बताउनुभयो । आँधीखोलाको किनारमा अवस्थित समथर भूभागमा हरियाली उद्यानमा मनोरञ्जनका लागि भिरकोटसहित छिमेकी पालिकाबाट वनभोजका लागि आन्तरिक पर्यटक आउने गरेका छन् । वनभोजका लागि आउनेहरूलाई आवश्यक भाँडावर्तन, ग्यास तथा दाउराको व्यवस्था उद्यानले गरिदिने भएकाले सहज भएको प्रतिक्रिया दिने गरेका कर्माचार्यले बताउनुभयो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
वि.स. १९९८/१०/०९

स्वर्गारोहणः
वि.स. २०८२/०६/३१

**स्वः थान प्रसाद श्रेष्ठ**

यस सिद्धार्थ टोल विकास संस्थाका अक्षयकोष दाता एवम् शान्ता श्रेष्ठका श्रीमान **थान प्रसाद श्रेष्ठ**को ९४ वर्षको उमेरमा भएको असामयिक निधनमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

भवानी माकाजू
अध्यक्ष तथा
**सिद्धार्थ टोल विकास संस्था परिवार**